Rupantaran : A Multidisciplinary Journal
Vol. III : 159-164, March, 2020
ISSN : 2091-0061
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# 'जिन्दगीको मौसम' कवितामा कर्मवादी दर्शनको रूपक

डा. नारायणप्रसाद गडतौला[१]
*इमेल :* yubarajgad550@gmail.com

## सार

*लक्ष्मीप्रसाद देवकोटाद्वारा लेखिएको 'जिन्दगीको मौसम' कविता कर्मवादी दर्शनको वैचारिक पृष्ठभूमिमा रचिएको छ । मानव जीवनको उच्च पुरुषार्थ मानिने कर्म (धर्म) बाट प्राप्त सुख नै भोग्यवस्तु ठान्ने देवकोटाले तत्कालीन परिवेशमा शासक र शाषित दुवै अकर्मण्य बन्दै गएको र यसले समग्र नेपाली समाजलाई पछाडि पारेको सन्दर्भमा कर्मको महत्त्व दर्साउन यो कविता रचना गरेका हुन् । जीवन र कृषि प्रणालीलाई उपमेय र उपमान बनाइ लेखिएको यस कवितामा जिन्दगीलाई मौसममा आरोप गरेर समस्त वस्तुविषयक रूपकालङ्कारयुक्त कथन चातुर्यद्वारा जीवनमा कर्मको महत्त्व प्रदर्शन गरिएको छ ।*

**मुख्य शब्दावली :** कर्म, कर्मवाद, पुरुषार्थचतुष्टय, दर्शन, रूपक

## परिचय

लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) द्वारा लेखिएको 'जिन्दगीको मौसम' कविताको लेखन काल १९९०-९१ तिर र प्रकाशन 'उदय' पत्रिका (१/७) १९९५ मा भएको हो । यो समय देवकोटाको २५ वर्षे युवा अवस्थातिरको भए पनि यसमा पूर्वीय कर्मवादी दर्शनको गहन तथा सुन्दर रूपकात्मक अभिव्यक्ति भएको पाइन्छ । जीवनको मूलभूत सिद्धान्तका रूपमा रहेको कर्मवादलाई देवकोटाले आफ्ना काव्यमा व्यक्तमात्र गरेनन् आफ्नो जीवनमा नै उपयोग गरेर राष्ट्रलाई सभ्यताको शिखरतर्फ उचाल्न काव्य समाराधनारूपी कर्ममा तल्लीन रहे । उनले लेखेका अनेकौं कृतिमा कर्मको मर्मलाई वैचारिक पृष्ठभूमि बनाइए पनि 'जिन्दगीको मौसम' कविता चाहिँ कर्मवादी दर्शनका मान्यतालाई नै रूपक बनाएर लेखिएको हुँदा पूर्वीय दर्शनमा स्थापित कर्मको महत्त्वलाई यसमा देख्न सकिन्छ । कर्मवाद वैदिक दर्शनको मूलभूत सिद्धान्त हो । मानव सभ्यताको उषाकालदेखि नै कर्मलाई नै यज्ञ ठानेर त्यसमा निरन्तर स्थिर रहने प्रेरणा पूर्वीय दर्शनका स्रोत मानिने वेद, ब्राह्मण, आरण्यक, उपनिषद्, रामायण, महाभारत (विशेष गीता), सूत्रग्रन्थ एवं स्मृति ग्रन्थहरूमा पाइन्छ । जीवन नै कर्मको परिणाम हो भनी ठान्ने कर्मवादी दर्शनले देवकोटालाई पनि प्रभावित गरेको कुरा उनका 'मुनामदन', 'कुञ्जिनी', 'शाकुन्तल', 'प्रमिथस' जस्ता काव्य र अनेक फुटकर कविताहरूले सङ्केत गरेकै छन् । यहाँ उनको 'जिन्दगीको मौसम' कविता (जुन भिखारी कविता सङ्ग्रहमा सङ्गृहीत छ) मा व्यक्त भएको कर्मवादी दर्शनको वैचारिक पक्षलाई विश्लेषण गरिएको छ । यसका निम्ति विवेच्य कवितामा कर्मवादी दर्शनको के कस्तो वैचारिक पृष्ठाधार रहेको छ भन्ने मुख्य जिज्ञासा नै मुख्य समस्या हो । यसलाई तार्किक समाधान गर्नका निम्ति पूर्वीय दर्शनका उपर्युक्त मूलस्रोत ग्रन्थमा निहित कर्मवादी दर्शनलाई सिद्धान्तका रूपमा लिइएको छ ।

---

१. लेखक त्रि.वि. विश्वविद्यालय क्याम्पस, कीर्तिपुरमा नेपाली विषयको सहप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

## अध्ययन विधि

'जिन्दगीको मौसम' कवितामा व्यक्त कर्मवादी दर्शनको सौन्दर्यमूलक अभिव्यक्तिको प्राज्ञिक विवेचनाद्वारा निष्कर्षमा पुग्नका निम्ति मूलतः वर्णनात्मक विधिलाई नै अवलम्बन गरिएको छ । पूर्वीय दर्शनले स्थापित गरेको कर्मवादका मूल मान्यताका आधारमा विवेच्य कृतिको विश्लेषण गरिएको हुँदा आगमनात्मक विधि नै उपयोग हुन पुगेको छ । यसका निम्ति प्राथमिक सामग्रीका रूपमा 'भिखारी' कविता सङ्ग्रहमा सङ्गृहीत 'जिन्दगीको मौसम' कविता रहेको छ भने द्वितीयक सामग्रीका रूपमा विवेच्य कवितासम्बन्धी अध्ययन र कर्मसिद्धान्त प्रतिपादन गर्ने दर्शनसम्बन्धी कृतिहरू रहेका छन् ।

## परिणाम र छलफल

कर्म शब्द कृ+मन् दुई रूप मिलेर बनेको छ जसको अर्थ काम वा गतिविधिसँग सम्बन्धित छ । चर, अचर जगत्को गतिविधि, कर्मका रूपमा मानिए पनि यहाँ कर्मको तात्पर्य चेतनशील एवं बौद्धिक मानवले गर्ने कार्यलाई कर्मका रूपमा लिइएको छ । कर्म भन्नाले सामान्य अर्थमा चराचर जगत्को गतिशीलतालाई बुझ्न सकिन्छ भने विशेष अर्थमा मनुष्यद्वारा सचेत रूपमा गरिने सत् कर्मलाई बुझिन्छ । कर्मका बारेमा वेद, ब्राह्मण, आरण्यक, उपनिषद् जस्ता वैदिक ग्रन्थमा र रामायण, महाभारत, सूत्रग्रन्थ, स्मृतिग्रन्थ, पुराण आदिमा विवेचना भएको छ ।

वेदमा मनदेखि नै सत् कर्म वा कल्याणकारी सङ्कल्प गर्ने चाहना व्यक्त भएको छ । "तन्मे मनः शिवसङ्कल्पमस्तु" मेरो मनले शिव सङ्कल्प गरोस् भन्ने चाहना सत्कर्म चिन्तनको प्रथम प्रमाण हो । सत् कर्मको उत्सभूमि मन नै हो त्यसैले सत् सङ्कल्पबाट नै सत् कर्मको जन्म हुने भएकाले वेदमा मनलाई स्वच्छ बनाउने सङ्केत पाइन्छ । संहितापछिका ब्राह्मण ग्रन्थ कर्मप्रधान मानिन्छन् । यज्ञ कर्मलाई प्रतिपादन गर्ने ब्राह्मण ग्रन्थ "यज्ञो वै श्रेष्ठतमं कर्म" (शतपथब्राह्मण, १/७/१/५) अर्थात् सबैभन्दा श्रेष्ठ कर्म यज्ञ हो भन्दै मानवलाई अनेक सत् कर्ममा प्रेरित गर्दछन् । आदिम मानवले आगो प्राप्त गरेपछि कृषि यज्ञ, गौपालन यज्ञ लगायत विभिन्न खनिजको आविष्कार गरेर यज्ञ कर्मद्वारा मानव सभ्यता विकास गरेको हुँदा यस किसिमको कर्मप्रधान जीवन शैली निर्माणमा वैदिक वाङ्मयको महत्त्वपूर्ण भूमिका देखिन्छ ।

वैदिक वाङ्मयकै अन्तिम भाग मानिने उपनिषद् ग्रन्थ मूलतः ज्ञानप्रधान मानिन्छन् तथापि तिनमा कर्मविहीन ज्ञानभन्दा सत्कर्मयुक्त ज्ञानको महत्त्व प्रतिपादन भएको छ । "पुण्यः पुण्येन कर्मणा भवति पापः पापेन" (वृहदारण्यक, ४/४/५) अर्थात् सत् कर्मले पुण्यवान् र पापकर्मले पापी नै हुने सङ्केत गरेर उपनिषद् सत्कर्म गर्ने प्रेरणा दिन्छन् । संसारबाट मुक्ति प्राप्त गर्ने मुख्य साधन अविद्याको नाश गर्न पनि सत् कर्मबाट प्राप्त ज्ञान हो भन्ने कुरालाई ईशावास्योपनिषद्ले सुन्दर ढङ्गले प्रतिपादन गरेको छ । 'कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः' (ईशावास्योपनिषद्, २) अर्थात् यहाँ कर्म गर्दै सय वर्ष बाँच्ने चाहना गर्नु पर्दछ । मानव मुक्ति केवल मृत्युपछि होइन यसै जीवनमा नै सत्कर्म गर्‍यो भने त्यसले मानिसलाई बन्धनमा पार्दैन भन्ने ईशावास्योपनिषद्को धारणा छ ।

कर्मवादको महत्त्वलाई महाभारतको अंश मानिने गीताले दर्साएको छ । यसमा कर्मयोगको गम्भीर विवेचना भएको छ । निष्काम कर्मको परिकल्पना गीताको महत्त्वपूर्ण योगदान मानिन्छ । मानिसले कर्मको फल चाहनु उसको दुबैल पक्ष हो भन्ने तात्पर्य गर्दै मानवले परिणाम जस्तोसुकै होस् कर्मबाट विरत हुनु नहुने गीताको मर्म भएको मानिएको छ (सिंह, इ. २००९ : ७१) । "योगः कर्मसु कौशलम्" (गीता, २/५१) योग भनेकै कर्ममा कौशल हो भन्ने गीताले मानवलाई कर्मनिष्ठ बनाउने प्रयास गरेको छ । युद्धमैदानमा उत्रेका अर्जुनलाई आफ्नो कर्मबाट पलायन हुन नदिनका निम्ति भनिएको गीता परिणामभन्दा परिस्थितिमुखी देखिन्छ । समय क्रममा मानवसामु जस्तोसुकै परिस्थिति आउँदा पनि त्यससँग जुध्नुबाहेक मानिससँग अर्को विकल्प छैन । कर्ण सिंहका अनुसार गीतामा मोहान्ध कर्मबाट बच्न सिकाइएको छ । निष्काम कर्म भनेको एक प्रकारले आन्तरिक स्वतन्त्रता

र आन्तरिक श्रद्धा निर्माण गर्ने तत्त्व हो (सिंह, इ. २००९ : ६८) । वास्तवमा गीताको कर्मवादले मानिसलाई आफ्नो स्वामी आफैँ बन्ने कला सिकाउँछ । परिणामको दास र आशामुखी वृत्तिबाट अलग गरेर निरन्तर कर्मनिष्ठ भविष्यमानवको परिकल्पना गर्दै गीताले मानवको सुदूर भविष्यलाई उज्यालो बनाएको छ ।

साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त जस्ता दर्शनमा पनि कर्मको महत्त्व, परिणाम वा दुष्परिणाम एवं अनेक किसिमका कर्मको चर्चा गरिएको छ । यी सबै कर्मवादलाई महत्त्व दिन्छन् र नित्य, नैमित्तिक एवं काम्य कर्मका माध्यमबाट मानव जीवनलाई निरन्तर गतिशील, आशावादी एवं कर्मठ बन्न प्रेरित गर्दछन् ।

## रूपक

यहाँ कर्मको रूपक भनिएको छ । रूपक एउटा मानवीय संज्ञानको वृत्ति र अभिव्यक्तिको प्रकार दुवै हो । आदिम समयमा मानव प्राकृतिक वस्तुलाई आरोपणद्वारा बुझ्ने र बुझाउने गर्दथ्यो । सूर्यलाई रोटीमा आरोप गर्नु, पृथ्वीलाई एउटा थाल वा भाँडामा आरोप गर्नु, जीवलाई पक्षीमा आरोप र संसारलाई वृक्षका रूपमा आरोप जस्ता अनेक विषय आरोपद्वारा बुझ्ने बुझाउने प्रवृत्ति आदिम नै हो । काव्यशास्त्री भामहले अलङ्कारको परिचय दिने क्रममा रूपक अलङ्कारलाई पहिलो अर्थालङ्कारका रूपमा गणना गरेर यसको निम्नलिखित लक्षण गरेका छन् :

उपमानेन यत्तत्त्वमुपमेयस्य रूप्यते ।
गुणानां समतां दृष्ट्वा रूपकं नाम तद्विदुः ॥ काव्यालङ्कार, २/२१ ॥

उपमेय र उपमान बिच गुणको समानताका आधारमा अभेद निरूपण गरिन्छ भने त्यो रूपक हो । उपमानलाई पूर्वीय दर्शनमा संज्ञानको एउटा आधार पनि मानिन्छ र उपमान र उपमेयको आरोपण कलाको स्वरूप पनि मानिन्छ । अतः रूपक भाव वा विचारलाई सरलतापूर्वक व्यक्त गर्ने र सम्प्रेषण गर्ने संज्ञानात्मक आधार र कला दुवै हो । रूपकलाई भरतदेखि जगन्नाथसम्मका सबै काव्यशास्त्रीले स्विकारेका छन् ।

रूपक शब्दको अङ्ग्रेजी सादृश्य शब्द मेटाफोर र एलेगोरी दुईवटा छन् । संस्कृत काव्यशास्त्रको रूप मेटाफोरसँग नजिक छ भने एलेगोरी पनि त्यसैको स्थूल एवं व्यापक रूप हो । एलेगोरी पनि कुनै अभिधेय वर्णनलाई आख्यानयुक्त कथाद्वारा अरूमै आरोप गरेर कथन गर्ने शैली हो (अब्राम्स, इ. १९९२ : ४) । यसको तात्पर्य पनि प्रस्तुतभन्दा अप्रस्तुत कुरालाई भन्नका निम्ति एलेगोरी प्रयोग गरिन्छ ।

## 'जिन्दगीको मौसम' कवितामा जीवनलाई मौसममा आरोप

विवेच्य कवितामा जीवनलाई मौसममा आरोप गरिएको छ । मौसममध्ये पनि वर्षाको समय कर्म गर्ने समय हो र यसमा गरिएको श्रमकर्मबाट नै मानिसले आगामी दिनको फल प्राप्त गर्दछ । कवि देवकोटा जीवनलाई नै एउटा मौसम ठान्दछन् र यसमा गरिएका सत्कर्मबाट मोक्षरूप फल प्राप्त हुने विचार प्रकट गर्दछन् ।

जिन्दगीको मौसम रहँदै खनखन दिलको खेत
बाँझो नरहोस् पानी पर्दै चेतनजल शुद्ध, सफेद

यसमा जिन्दगीलाई मौसममा, दिललाई खेतमा र चेतनलाई शुद्ध जलमा आरोप गरिएको छ । यस रूपकीकरणमा कृषिकर्मका बिम्बद्वारा मानिसलाई कर्ममार्गमा प्रवृत्त हुन प्रेरित गरिएको छ । जीवन एउटा यवचक्रमा घुम्दै प्राप्त भएको मौसम हो जसरी वर्षचक्रमा वर्षा ऋतु आउँछ त्यस्तै अनेक जन्मचक्रमा मानवरूप मौसम प्राप्त हुन्छ । ऋतुचक्रमा वर्षा ऋतु कर्ममा प्रेरित गर्ने समय भएझैँ भवचक्रमा मानव जीवन कर्म गर्ने अवसरका रूपमा रहेको कुरा देवकोटाले यसमा व्यक्त गरेका छन् । जिन्दगी मौसम हो भने खेत चाहिँ आफ्नै दिल वा हृदय हो । आफ्नै दिललाई उत्खनन नगरी मानिस जीवनको सफलतारूपी बाली भित्र्याउन सक्तैन । त्यसैले देवकोटा दिललाई खेतका रूपमा आरोप गर्दछन् । यसमा चेतन वा चेतनालाई शुद्ध, सफेद पानीका रूपमा आरोप

गरिएको छ । आफ्नै चेतनारूपी जलले आफ्नै हृदयरूपी खेतलाई खनजोत नगरी सार्थक परिणाम प्राप्त गर्न नसकिने पूर्वीय कर्मवादी चिन्तनका पृष्ठभूमिमा माथिको पद्यांश आएको छ ।

प्रकृतिमा वर्षाको मौसम सागरबाट आए जस्तै जीवनरूपी मौसम पनि अनन्त ब्रह्मबाट प्राप्त भएको हो । जीवन अनन्तको एउटा अंश हो र प्रत्येक मनुष्य आफ्नो सत्कर्मद्वारा नै अंशीरूप अनन्तमा मिल्न पुग्छ भन्ने पूर्वीय दर्शनको मान्यता रहेको छ । देवकोटाले यसलाई यसरी रूपकीकरण गरेका छन् :

अनन्त ठूलो सागरबाट घुमि-घुमि मौसम आयो
खूर फुल्दछ दिलको माटो वर्षाले गान सुनायो

पूर्वीय दर्शन चौरासी लाख योनिको घुमाइबाट मानव जीवन प्राप्त हुने र तिनै संस्कारलाई आफ्नै कर्मले बदल्दै मानव मुक्तिको सोपानमा आरोहण गर्ने विश्वास राख्तछ । आफ्नो दिलको माटो अर्थात् हृदयस्थ वासनालाई वर्षाको गायनले जागृत गर्दै सत्बीज रोप्ने सन्देश दिएको छ । जीवनरूपी मौसम नै सत्कर्म गर्ने प्रेरणाको स्रोत हो । अन्तः स्रोतबाट प्राप्त उत्प्रेरणाले नै मानव सत्कर्ममा प्रेरित भएर लक्षतर्फ अघि बढ्ने सङ्केत यहाँ पाइन्छ ।

सत्कर्म गर्ने साधन पनि जीवनभन्दा बाहिर छैन । शरीरकै साधन उपयोग गरेर कर्म गर्न सकिने र यसका निम्ति बाहिर खोज्नु नपर्ने कुरालाई देवकोटाले कृषिमूलक कर्मकै रूपकबाट व्यक्त गरेका छन् । जस्तो :

इन्द्रिय गोरु शरीर हलोमा बाँधी-बाँधी खन-खन खेत
बीउ छन् जगमा कर्म हजारौँ रोप फलाऊ लहलह खेत

यसमा इन्द्रियहरूलाई गोरुमा, शरीरलाई हलोमा र कर्मलाई बीउमा आरोप गरिएको छ । इन्द्रियरूपी गोरुलाई सत्कर्ममा जोत्नसके निश्चय नै जीवन रूपी मौसमबाट उपयोगी फल फलाउन सकिन्छ । शरीररूपी हलोमा सही ढङ्गले बाँधेर इन्द्रियगोरुलाई संयमन गर्नाले नै हृदयरूपी खेत खन्न सकिन्छ नत्र हृदय बाँझो पल्टिन गई कर्मबीज न उम्रन सक्छन् । हजारौँ कर्मका बीज रोपेर जीवनलाई लहलह बनाउने सामर्थ्य मानवको आफ्नै हातमा छ । जीवनलाई सफल बनाउने कर्मवादी सिद्धान्तलाई आधार मानेर गीताले जनक आदि महापुरुषहरू आफ्नै कर्मले नै सिद्धि प्राप्त गरेको दावी गर्दछ ।

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ।
लोकसङ्ग्रहमेवापि सम्पश्यन्कर्तुमर्हसि ॥ गीता, ३/२० ॥

जागरणपूर्वक गरिएको कर्मको महत्त्व दर्शाउँदै यहाँ राजा जनक आदि पूर्ववर्ती महापुरुषहरू कर्मको बलले नै आफ्नो उच्च स्थान प्राप्त गर्न सफल भएको कुरा बताइएको छ ।

देवकोटा यसै जिन्दगीमा नै कर्मको परिणाम प्राप्त हुने कुरामा विश्वास गर्दछन् । समयको महत्त्व र जीवनको महिमा बुझेका देवकोटा हरपल सार्थक बनाउन आग्रह गर्दछन् । जस्तो :

जिन्दगीको मौसम रहँदै खन, खन रोप फूलाऊ
पर्खन्न कसैकन काल निठुरी हाय ! यसै ननिदाऊ

कर्म जागरणको परिणाम हो । जो जीवनमा जागृत हुन्छ ऊ कर्मठ जीवन मापन गर्दछ उसैले जीवनमा सुगन्धित फूल फुलाउन सक्तछ । देवकोटा यसै कुरामा विश्वास गर्दछन् र जीवनको आदर्श पथ कर्मवादलाई नै मान्दछन् । उनी मानवमात्रलाई कर्मवादी चिन्तनको सन्देश दिन चाहन्छन् :

रोप रोप यी बीउ सब अहिले अन्न फलोस् पछिलाई
नरुनु पछाडि, आउँछ जहिले हिउँद कडा तिमीलाई

हिउँदका कडा दिनमा झेल्नु पर्ने दुःखद क्षणलाई सम्झेर एउटा किसानले वर्षामा नै मिहिनेत गरेझैँ मानव जीवन कर्म सम्पादनको सुन्दर मौसम हो । जिन्दगीको मौसमलाई आफ्नै चेतनजलले सिञ्चन गरेर जीवनको लहलह वाली उमार्ने आशावादी चिन्तनबाट कवि देवकोटा गतिशील कर्मण्य जीवनका पक्षमा उभिन पुगेका छन् ।

यस कवितामा समग्र जिन्दगीलाई कृषि प्रणालीका सबै अङ्ग उपाङ्गसँग आरोप गरिएको हुँदा यहाँ समस्त वस्तुविषयक रूपक अलङ्कार हुन पुगेको छ । जीवनका समग्र अङ्ग शरीर, इन्द्रिय, आत्मा जस्ता पक्ष र कृषि कर्मका निम्ति आवश्यक खेत, गोरु, हलो, पानी, बीउ आदि दुवैको उल्लेख गरेर जीवनका अङ्गरूप उपमेयलाई कृषिका अङ्गरूप उपमानमा आरोप गरिएको छ । जसरी कृषि कर्मद्वारा मानव जीवनमा भोग्य वस्तुरूप फल प्राप्त हुन्छ त्यस्तै मानवले गरेका सत्कर्मबाट मोक्षरूप फल प्राप्त हुन्छ भने दार्शनिक चिन्तनलाई जीवन र कृषिका समस्त अङ्गको आरोपमूलक कथन भङ्गिमाका माध्यमबाट यहाँ प्रकट गरिएको छ ।

## कर्मवादी चिन्तनको सान्दर्भिकता

प्रस्तुत कविताको लेखन १९९०-९१ भएको कुरा कुमारबहादुर जोशीले (२०४८ : ४५) मा उल्लेख गरेका छन् । तत्कालीन समय शासकीय दृष्टिले राणाकालीन परिवेश हो भने धार्मिक सांस्कृतिक दृष्टिले हिन्दु धर्म एवं संस्कृतिको पुनर्जागरणकालीन समय मान्न सकिन्छ । लेखनाथ, बालकृष्ण सम, देवकोटा, धरणीधर कोइराला, महानन्द सापकोटा जस्ता कविहरू समाजलाई जागरुक बनाउन तल्लीन देखिन्छन् । राणकालीन निरङ्कुश तन्त्रले शासकहरूलाई भोगमा लिप्त गराएको तथा सर्वसाधारण जनतालाई भयभीत बनाउँदै नैष्कर्मण्य बनाएको अवस्थामा देवकोटाले यसको रचना गरेको देखिन्छ । विश्वभरि प्रजातन्त्रको लहरसँगै उन्नति र प्रगतिको जागृति भइरहेको अवस्थामा नेपाल सुषुप्त अवस्थामा रहेको सन्दर्भलाई नियालेका देवकोटाले नेपाली जनमानसमा कर्म गर्ने प्रेरणा जागृत गरेका छन् । यसले तत्कालीन शासकहरूलाई पनि अकर्मण्य एवं भोगवादी जीवनशैली त्याग्न र कर्मठ जीवन बाँच्नसमेत उत्प्रेरित गरेको देखिन्छ ।

कर्म र भोग जीवनका दुई पाटा हुन् । कर्मबिनाको भोग र भोगविनाको कर्म दुवै अर्थहीन छन् । त्यसैले कर्म र भोग अथवा धर्म र कामको पारस्परिक समन्वयमा नै जीवनबाली लहलहाउने देवकोटेली चिन्तन पूर्वीय दार्शनिक मान्यताकै परिणति हो । "योगं युञ्जन्" भन्ने गीता दर्शनलाई आत्मसात गरेको देवकोटेली आनुवंशिक संस्कार नै कविताका रूपमा व्यक्तिन पुगेको देखिन्छ । पुरुषार्थ चतुष्ट्यमध्ये धर्म (कर्म) वा कर्तव्यलाई प्रमुख विषय बनाएर लेखिएको जीवनमुखी यस कविताले तत्कालीन कर्मभ्रंश भएको नेपाली समाजमा जागरण ल्याउने भूमिका खेलेको देखिन्छ । कृषिप्रधान देशमा कृषिबिम्बका माध्यमबाट नै कर्मवादी गहन चिन्तनलाई प्रकट गर्नुले देवकोटाको देशप्रेम पनि व्यञ्जित हुन पुगेको छ ।

## निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटाद्वारा लेखिएको 'जिन्दगीको मौसम' कविता कर्मवादी चिन्तनलाई रूपकीकरण गरेर लेखिएको छ । कृषिका अङ्गलाई उपमान बनाएर जिन्दगीरूपी उपेयलाई कृषिरूप उपमानमा आरोप गरी कृषिकर्मकै सादृश्यमा जीवनका कर्महरूको महत्त्व गायन गरिएको छ । जीवनका विभिन्न अवयव र कृषिकर्मका अवयवबिच आरोप गरिएको हुँदा यहाँ समस्तवस्तुविषयक रूपक अलङ्कार हुन पुगेको छ । यसमा मूलतः राणाकालीन नेपाली समाजमा अकर्मण्यता बढेको हुँदा र समग्र राष्ट्र नै पछौटे भएको सन्दर्भमा देवकोटाले शासक तथा शासित दुवैलाई लक्षित गरेर जीवनलाई सत्कर्ममा उत्प्रेरित गरेको देखिन्छ । आयाममा अत्यन्त छोटो कविता भए पनि जीवनको गहिरो मर्म उद्घाटन गर्ने यस कवितामा पूर्वीय दर्शनले स्थापित गरेको कर्मवादी चिन्तनलाई रूपक अलङ्कारको कथनभङ्गिमा अवलम्बन गरी काव्यात्मक रूप प्रदान गरिएको छ ।

## सन्दर्भग्रन्थ सूची

अब्राम्स, एम्.एच्. (इ. १९९२). *अ ग्लोसरी अफ लिटरेरी टर्म्स.* बेङ्लोर : प्रिज्म बुक्स ।

*ईशादि नौ उपनिषद्* (२०६०). गोरखपुर : गीताप्रेस ।

गिरी, रामानन्द (२०५५). *जनक-दर्शन,* अनु. रामहरि तिमल्सिना. भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।

जोशी, कुमारबहादुर (२०४८). *देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना.* काठमाडौँ : सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद् ।

देवकोटा, लक्ष्मीप्रसाद (२०५१). जिन्दगीको मौसम. *भिखारी.* पन्ध्रौँ संस्क. ललितपुर : साझा प्रकाशन ।

*बृहदारण्यकोपनिषद्* (२०६७). चौधौँ पुनर्मुद्रण. गोरखपुर : गीताप्रेस ।

भामह, (२०५९). *काव्यालङ्कार.* वाराणसी : चौखम्बा संस्कृत सीरीज अफिस ।

राधाकृष्णन् (इ. २००८). *भारतीय दर्शन.* दिल्ली : राजपाल ।

व्यास (२०६५). *महाभारत.* गोरखपुर : गीताप्रेस ।

--- (इ. २००६). *श्रीमद्भागवत.* गोरखपुर : गीताप्रेस ।

--- (इ. २०११). *श्रीमद्भगवद् गीता.* गोरखपुर : गीताप्रेस ।

शर्मा, श्रीराम (२००५). सम्पा., *ऋग्वेद संहिता.* हरिद्वार : बह्मवर्चस् ।

श्रीनिवासाचार्य (२०३३). *यतीन्द्रमतदीपिका.* वृन्दावन : श्रीरङ्गजी मन्दिर ।

सिंह, कण (इ. २००९). *हिन्दू दर्शन एक समकालीन दृष्टि.* दिल्ली : भारतीय ज्ञानपीठ ।

सिन्हा, हरेन्द्रप्रसाद (इ. २००५). *भारतीय दर्शन की रूपरेखा,* पुनर्मुद्रित. दिल्ली : मोतीलाल बनारसीदास ।

❑